नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४
चलानी नं ११९

मिति:२०८३/०६/०८
ने.सं. ११४६

श्री गाउँपालिका सबै,
श्री नगरपालिका सबै ।

विषयः **LGPAS को गुणस्तर परीक्षण पश्चात् कायम भएको नतिजा** उपर सुधारको दावी पेश गर्ने समयावधि थप गरिएको सम्वन्धमा ।

प्रस्तुत विषयमा यस मन्त्रालयबाट सञ्चालन हुँदै आएको **स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (Local Governance Performance Assessment System: LGPAS)** अन्तर्गत आ.व. **२०८१/८२ को स्थानीय तह कार्यसम्पादन मूल्याङ्कन प्रणालीको गुणस्तर परीक्षण पश्चात् कायम भएको नतिजा** उपर सुधारको दावी पेश गर्ने सम्बन्धमा च.नं.१०६ मिति २०८३/०६/०२को पत्रमार्फत ७ दिनको समयावधी तोकी अनुरोध गरिएको व्यहोरा विदितै छ।

यस सम्वन्धमा धेरै गाउँ/नगरपालिकाबाट सुधारको दावी पेश गरेको नदेखिएको र केही गाउँ/नगरपालिकाबाट समयवधी थप गर्न मौखिक अनुरोध भई आएको हुँदा **सुधारको दावी पेश गर्न बाँकी रहेका गाउँ/नगरपालिकाकलाई मिति २०८३/०६/११ गते राति १२:०० बजेसम्म समयावधी थप गरी प्रणाली खुला रहेको** व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

अतः उक्त थप गरिएको समयावधिभित्र सम्बन्धित स्थानीय तहले आफ्नो नतिजा पुनरावलोकन गरी सुधार गर्नुपर्ने विषय भएमा आवश्यक प्रमाण तथा आधारसहित प्रणालीमा तोकिएको प्रक्रियाबमोजिम **सुधारको दावी पेश गर्नुहुन** निर्णयानुसार अनुरोध छ।

प्रकाश पन्थी
शाखा अधिकृत

बोधार्थः
श्री प्रदेश तथा स्थानीय शासन सवलिकरण कार्यक्रम (PLGSP): आवश्यक व्यवस्थापन तथा समन्वय गर्नु/गराउनुहुन,
श्री सूचना प्रविधि शाखाःसवै स्थानीय तहमा इमेलमार्फत प्रेषित गरी वेवसाइटमा समेत अपलोड गरिदिनुहुन

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४
ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेवसाईट:- www.mofaga.gov.np